# रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

## हाटबजार बैठकी करको सिलबन्दी दरभाउपत्र / बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/२/२७

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ तथा रामग्राम नगरपालिकाको आर्थिक ऐन २०७८ को दफा १० को उपदफा ४ बमोजिम यस नगरपालिका भित्र सञ्चालनमा रहेका विभिन्न हाटबजारहरुको आ.व. ०७९।०८० (०७९ श्रावण देखि ०८० असार मसान्त सम्मका ) लागि बैठकी कर असुल गर्ने कार्यको ठेक्का बन्दोबस्त गर्नु परेकोले निम्न बमोजिमका शर्तहरुको अधिनमा रही इच्छुक मु.अ.कर दर्तावाल व्यक्ति वा फर्मबाट गोप्य सिलबन्दी दरभाउपत्र / बोलपत्र आह्वान गरिन्छ ।

शर्तहरु:

१. सिलबन्दी दरभाउपत्र/ बोलपत्रको फाराम यो सूचना प्रकाशन भएको मितिले क्रमश: १५ दिन र ३० दिन सम्म कार्यालय समय भित्र तोकिएको राजश्व तिरि खरिद गर्न सकिनेछ । यसका लागि व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र फर्म भए फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि , स्थाई लेखा नं. प्रमाणपत्रको प्रतिलिपि र आ.व.०७७।०७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरि निवेदन दिनुपर्ने छ ।

२. न्युनतम ठेक अंक देहाय बमोजिम हुने छ । कबोल रकम र धरौटी रकम अंक र अक्षर दुबैमा स्पष्ट बुझीने गरी उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

३. सिलबन्दी दरभाउपत्र/ बोलपत्र साथ आफुले कबोल गरेको अंकको नेपाली नागरिक भए ५ प्रतिशत ले हुने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक परासी शाखामा रहेको धरौटी खाता नं. ३१००१००३०३००००२ मा जम्मा गरेको सक्कलै भौचर वा १२० दिनको म्याद भएको बैंक ग्यारेन्टि संलग्न गर्नुपर्नेछ ।

४. पत्रिकामा सूचना प्रकाशन भएको मितिले दरभाउपत्र १६औं दिन र बोलपत्र ३१औं दिन, दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ र दर्ता भएको दरभाउपत्र १६औं दिन र बोलपत्र ३१औं दिन ५:०० बजे कार्यालय र ठेकेदार प्रतिनिधिको रोहवरमा दरभाउपत्र / बोलपत्र खोलिने छ । तोकिएको समयमा ठेकेदार प्रतिनिधि उपस्थित नभए दरभाउपत्र /बोलपत्र खोल्न बाधा पर्ने छैन् ।

५. दरभाउपत्र /वोलपत्र खरिद र दर्ता मितिका दिन सार्वजनिक विदा परेमा सोको भोली पल्ट खरिद तथा दर्ता गर्न सकिनेछ । कार्यालयबाट प्रमाणित नभएको, रीत नपुगेको र म्याद नाघीं आएको दरभाउपत्र /बोलपत्रलाई मान्यता दिइनेछैन्

६. आफुले कबोल रकम ठेक्का सम्झौताका वखत एकमुष्ठ रुपमा बुझाएमा १० प्रतिशत छुट दिईनेछ । कबोल रकम किस्ताको रुपमा बुझाउनु चाहेमा ५० प्रतिशतले हुन आउने रकम ठेक्का सम्झौताका वखत र बाकी रकम २०७९ साल पौष मसान्त भित्र बुझाउन पर्नेछ । बाकी रकमका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको ०८० श्रावण मसान्त सम्म म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्ने छ ।

७. ठेक्का लिने पक्षले ठेक्का सम्झौताका वखत कबोल अंकको १.५ प्रतिशतले हुने अग्रिम आयकर वापतको रकम एकमुष्ठ रुपमा र हरेक किस्ता रकम बुझाउदा १३ प्रतिशत ले हुने मु.अ.कर वापतको रकम आन्तरिक राजश्व कार्यालयमा बुझाउनुपर्नेछ । बैठकी करको दररेट नगरपालिकाले दरभाउपत्र साथ उपलब्ध गराउने छ । कर संकलन गर्दा उक्त दरमा १३ प्रतिशत ले मु.अ.कर थप गरि संकलन गर्नु पर्नेछ ।

८.सम्झौताका शर्त उल्लंघन भएमा कार्यालयले विचैमा ठेक्का तोडिएमा सो अवधि सम्मको बूझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाइने छैन । सरकारी बाकी सरह असुल उपर गरिनेछ ।

राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

९. कोरोना जस्ता महामारकिो जोखिम बढ्न गएको अवस्थामा सरकारले जोखिम न्युनिकरणको लागि हाटबजारको सञ्चालन बन्द गर्न गराउन निर्णय वा निर्देशन गरेमा सोको पालना गर्नुपर्नेछ । यसबाट हुन जाने क्षतिपुर्तिको विषयमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ । तर बन्द , हडताल जस्ता कारणले राजश्व असुली कार्यमा बाधा उत्पन्न भएमा कार्यालयले क्षतिपुर्ति दिन बाध्य हुने छैन ।

१०. रामग्राम नगरपालिका नेपाल सरकारको नीति बमोजिम तोकिएको मापदण्ड अनुसार मात्र पोलिथिनको झोला प्रयोग गर्न व्यपारीलाई ठेकेदारले स्वयं नियन्त्रण र रेखदेख गर्नुपर्नेछ । हाटबजारका हरेक विक्रेताले आफ्नो फोहर झोला वा बोरामा संकलन गरि बैठकी स्थल सफा राख्नुपर्नेछ । यसरी संकलन भएको फोहरमैलाको उचित व्यवस्थापन ठेकेदार स्वयंले गर्नु पर्नेछ ।

११. हाटबजारमा रहेको खानेपानी बिजुलीको महशुल, शौचालय मर्मत तथा व्यवस्थापन, बत्ति जडान र मर्मत र शौचालयको सरसफाई र बजार लागेको १ दिन अगाडी र पछाडी बजारको सरसफाई समेत ठेकेदारले गर्नु पर्ने छ । छुट्टै अनुमति नलिई बजारमा राखिने सवारी साधनमा पार्किगं शुल्क उठाउन पाइने छैन । साथै बैठकी करको दररेट सबैले देख्नेगरी ठेकेदारले होडिगंबोर्ड तयार गरी हाटबजार स्थलमा राख्नु पर्नेछ ।

१२. ठेक्का सदर गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ । थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र राजश्व उप शाखामा सम्पर्क गर्न सकिने छ ।

१३. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

<u>हाटबजारको न्यूनतम ठेक अंक</u>

| क्र.स. | ठेक्का को नाम | बजार लाग्ने दिन | ठेक्काको किसिम | फारमको मूल्य (फिर्ता नहुने गरि) | न्युनतम ठेक अंक ( मु.अ.कर वाहेक) |
|---|---|---|---|---|---|
| १ | साप्ताहिक बुधवारे हाटबजार, परासी | बुधवार | बोलपत्र | ३०००।०० | २३६६१००।०० |
| २ | साप्ताहिक शनिवारे हाटबजार, परासी | शनिबार | बोलपत्र | ३०००।०० | २१४१५९२।०० |
| ३ | साप्ताहिक मंगलवारे पशु हाटबजार, उनवच | मंगलबार | बोलपत्र | ३०००।०० | ३२३३०१८।०० |
| ४ | साप्ताहिक मंगलवारे र शुकवारे हाटबजार, हकुई | मंगलबार र शुक्रबार | दरभाउपत्र | १०००।०० | ७९९२०३।०० |
| ५ | साप्ताहिक सोमबारे र शुक्रबारे हाटबजार, पटखौली | सोमबार र शुक्रबार | दरभाउपत्र | १०००।०० | ११२०५४०।०० |
| ६ | साप्ताहिक शुकवारे हाटबजार, धरमपुर | शुक्रवार | दरभाउपत्र | १०००।०० | १०७९६४।०० |
| ७ | साप्ताहिक मंगलबार हाटबजार, श्रीनगर कुन्द्रुप्लाट | मंगलबार | दरभाउपत्र | १०००।०० | ८८५०।०० |

रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश

राकेश पाण्डे
(प्रमुख प्रशासकीय अधिकृत)

राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत